# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

मिति :- २०७५/०५/२४

प.सं. :- २०७५/०७६ कृषि

च.नं. :- ८६०

विषय :- कृषि कार्यक्रम प्रसारण गर्ने बारे पुन आव्हानको सुचना ।

प्रस्तुत विषयमा यस रत्ननगर नगरपालिका कृषि विकास शाखाको आ.ब. २०७५/०७६ को बार्षीक स्विकृत कार्यक्रम अनुसार स्थानिय एफ एम संगको सहकार्यमा कृषि कार्यक्रम संचालन प्रसारण गर्नु पर्ने भएकाले निम्नअनुसार शर्त पुरा गरी वार्षिक रु.१,५०,०००।-( अक्षेरुपी एक लाख पचास हजार मात्र) बजेट भित्र रही के कती दरभाउमा उक्त कार्यक्रम तयारी एवं प्रसारण गर्न सकिन्छ ? रत्ननगर नगरपालिकाका ईच्छुक रेडियो तथा एफ एम प्रसारण गर्ने सङ्घ संस्था बाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र आफ्नो विस्तृत विवरण सहित सिलबन्दी दरभाउ यस कार्यालयमा पेश गर्नु हुन पुन यो सुचना प्रकाशित गरिएको छ । दरभाउ पत्र रु.३००।- तिरी(फिर्ता नहुनेगरी) यसै न.पा.बाट उपलब्ध हुनेछ ।

**शर्तहरु**

१. कार्यक्रम प्रशारण प्रत्यक हप्ताको १ पटक बेलुकी ७ :१५ देखी कम्तीमा ३० मिनेटको वर्षको जम्मा प्रसारण ५२ पटक हुनु पर्नेछ ।
२. कार्यक्रम प्रशारण र उत्पादन गर्ने जिम्मेवारी पनी एफ एम को नै हुने छ । तर कार्यक्रम उत्पादन र प्रसारण गर्ने विषयको चयन, विषय विशेषज्ञ छनौट, अनुभवि कृषकको छनौट, सफलताको कथा प्रस्नावली तया र गर्ने जस्ता कार्य रत्ननगर नगरपालिका कृषि विकास शाखाको निर्देशन अनुसार तयार गर्नु पर्ने छ ।
३. प्रसारित कार्यक्रम उपयोगी नभएमा वा प्रभावकारी नभएमा वा बार्षीक कार्यक्रम, बजेट कटौती भई कार्यक्रम प्रसारण गर्न नसक्ने अवस्था आएमा रत्ननगर नगरपालिकाले अग्रीम सुचना प्रसारण बन्द गर्न सक्ने छ ।
४. समय समयमा रत्ननगर नगरपालिका कृषि विकास शाखा बाट प्रशारण गर्नु पर्ने सुचना तथा विज्ञप्तीहरु कार्यालयले तोकेको समयमा निशुल्क प्रसारण गर्नुका साथै कृषि कार्यक्रम प्रसारण हुने मिति र समयको बारेमा जानकारी दिन प्रथम १५ दिन सम्म लगातार दिनको २ पटक र कार्यक्रम प्रसारण हुने दिनमा १ पटक एफ एम ले विना शुल्क सूचना प्रसारण गर्नु पर्ने छ ।
५. कार्यक्रम प्रसार खर्च, कार्यक्रम तयार गर्दा लाग्ने खर्च, समन्वय खर्च, विशेषज्ञ र कृषक आम्दानीको पारिश्रमिक, आएकर मुल्य अभिवृद्धि कर आदी सम्पुर्ण खर्चहरु समेत समावेस गरी एकमुष्ठ पेश गर्नु पर्ने छ ।
६. स्टुडियोमा वार्ताका लागी आमन्त्रण गरिने कृषि विज्ञ तथा अनुभवि कृषकलाई नेपाल सरकारको स्विकृत नर्म्स अनुसार पारिश्रमिक उपलब्ध गराउनु पर्ने छ ।
७. दरभाउ पत्र साथ आफ्नो कबोल अङ्कको २.५% धरौटीयस न.पा. को खाता नं. १३१०३३००७१०३ मा जम्मा गरेको वैङ्क भौचर संलग्न हुनु पर्ने छ ।
८. सिलबन्दी दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने अन्तीम निर्णय यस न.पा. मा निहित रहने छ ।
९. माथि उल्लेखित बुदाहरु बाहेक अन्य नेपाल सरकारको आर्थिक नियम अनुसार हुनेछ ।

**दर्खास्त साथ राख्नु पर्ने कागजातहरु**

१. व्यावसाय दर्ताको प्रमाणपत्रको फोटोकपी ।
२. स्थायी लेखा नं. को फोटोकपी ।
३. आ.व. २०७४/०७५ को प्रमाणपत्रको फोटोकपी ।

नि. प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np